आज मिति २०८१/०९/१४ गते यस निस्दी गाउँपालिकाको ७४ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति : १. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री गम बहादुर गाहा

**मिति २०८१।०९।१४ गते बसेको निस्दी गाउँपालिकाको ७४ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. गाउँ सभाको १६ औ अधिवेशन आह्वान सम्वन्धमा।

३. घुम्ति शिविर संचालन समिक्षा सम्वन्धमा ।

४. LISA / FRA सम्वन्धमा।

५. मुख्य प्रशासनिक भवन म्याद थप सम्वन्धमा।

६. विविध।

०८१।०९।१४

मदन अर्याल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८१।०९।१४ गते बसेको निस्दी गाउँपालिकाको ७४ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको गाउँ सभाको १६ औं अधिवेशन मिति २०८१/०९/२५ गते विहिवार दिउँसो १ बजे आह्वान गर्ने निर्णय गरियो । उक्त अवशरमा उत्कृष्ठ कर्मचारी , उत्कृष्ठ उपभोक्ता समिति -३ वटा, उत्कृष्ठ प्र.अ-०१ वि.व्य.स -०१ , उत्कृष्ठ कृषक-०१ , व्यवसायी-०१ , लाइ सम्मान गर्ने निर्णय गरियो र यसको जिम्मा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत लाइ दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका बाट मिति २०८१/०९/०६ गते देखि मिति २०८१/०९/१३ गते सम्म संचालित एकिकृत घुम्ति शिविर सफलता पुर्वक सम्पन्न भएको पाइयो ।

| सेवाको नाम | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| योजना सम्झौता | १५ | १८ | १३ | २ | १४ | ९ | १२ | ८३ |
| पेश्की भुक्तानी | - | १ | २ | ० | ० | ७ | ३ | १३ |
| व्यवसाय दर्ता | ५ | २ | ९ | ० | २ | ५ | ० | २३ |
| व्यवसाय नविकरण | ३ | ६ | १३ | ६ | ९ | १२ | २ | ५१ |
| माटो परिक्षण | १३ | ५ | ५ | १३ | २२ | १२ | १४ | ८४ |
| अपांग परिचय पत्र वितरण | ० | १ | ० | १ | २ | १ | ० | ५ |
| जेष्ठ नागरिक सम्मान | ४५ | ३८ | ४० | ५० | ३६ | २८ | २० | २५७ |
| असहाय | २ | ४ | २ | ३ | १ | ४ | ३ | १९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला सहायता | | | | | | | | |
| पशु स्वास्थ्य औषधी वितरण . | १५८ /५४८८ | १२० /३७१० | ८२ /२१८३ | ११३ /७५०६ | १६१ /४०८६ | १५८ /३९९३ | ११२/ २५८५ | ९०४/ २९५४८ |
| सामान्य स्वास्थ्य परिक्षण | ७५ | ८३ | ५० | ६० | ९९ | ८३ | १०१ | ५५१ |
| स्वास्थ्य औषधी वितरण | १६३ | १४१ | १३६ | १४० | १४९ | १५२ | १६० | १०४१ |
| मुख/दाँतको परिक्षण | १०४ | ७५ | ९५ | १३१ | ६८ | ९४ | १११ | ६७८ |
| सुरक्षा सामाग्री वितरण | ०४ | नभएको | १८ | नभएको | १० | १० | ०४ | ४६ |
| शिविर आगमन संख्या | १९५ | २२० | १७१ | २१२ | ३८१ | २६५ | १९८ | १६४२ जना |
| कृषि प्रदर्शनी | १७ | ३३ | १८ | ३० | ३८ | ५४ | ४ | १९४ जना |
| आयुर्वेद औषधि वितरण | नभएको | नभएको | नभएको | ४२ | ८० | नभएको | ८३ | २०५ जना |
| शैक्षिक सामाग्री प्रदर्शनी | ८ वि ६० शैासा | ५ वि ७१ शैासा | ८ वि ११३ शैासा | ९ वि ८६ शैासा | ८ वि १५९शैासा | ४ वि १२७ शैासा | ९ वि ६३ शैासा | ५१वि ६७९ शैासा |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको आ.व २०८०/०८१ को LISA र FRA पौष मसान्त सम्ममा सम्पन्न गर्न गाउँकार्यपालिकाको कार्यालय लाइ निर्देशन दिइयो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको मुख्य प्रशासनिक भवन ठेक्का EGP/NCB/WORKS/NRM/09-077/078 को म्याद थपको लागी निवेदन दिइएकोमा सम्वन्धित निर्माण व्यवसायीको सहभागितामा छलफल गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ६ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) खसि ,बोका र अन्य कृषिजन्य उपजको निकासी कर संकलन गर्न सात वटै वडा कार्यालय लाइ आम्दानी रसिद प्रदान गर्ने र वढिमा ३ दिन भित्र अनलाइन प्रणालीमा राजश्व दाखिला गर्ने निर्णय गरियो ।

ख) ब्याकहो लोडर सहचालकको लाइसेन्स समेत भइ चालकको बिदा/अनुपस्थितीमा कार्यालयको आवश्यकता अनुसार हेभि सवारी साधन व्यकहोलोडर चलाएकोले चालक बराबरको भत्ता प्रदान गर्न गाउँ कार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो ।

ग) जनप्रिय प्राथमिक विद्यालय निस्दी -०७ ज्यामिरे लाइ स्वर्ण जयन्ती कार्यक्रम संचालन गर्न रु १५ हजार आर्थिक सहयोग शिर्षक बाट सहयोग गर्ने निर्णय गरियो । निस्दी गाउँपालिका वडा नं -०५ निवासी विर बहादुर सुनारीको नातिनी कृष्ण बहादुर सनारी तथा पुजा सुनारीको छोरी श्री मन्जु सुनारीको जन्मजात मलद्वार नभएकोले उपचारको लागी रु २० हजार आर्थिक सहयोग शिर्षक बाट सहयोग गर्ने निर्णय गरियो । निस्दी गाउँपालिका वडा नं २ सहलकोट निवासी श्री गन बहादुर कामी मिसन अस्पताल तानसेनमा उपचार गरि रहेकोले रु १५ हजार आर्थिक सहयोग शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो । पाल्पा महोत्सवको लागी रु २० हजार आर्थिक सहयोग विविध खर्च शिर्षक बाट भूक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत